नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पाटन संग्रहालय विकास समिति
मंगलबजार, ललितपुर

# पाटन म्युजियम क्याफे भाडामा दिने सूचना

**अन्नपुर्णपोष्टमा प्रकाशित मिति २०७४।११।२०**

यस पाटन दरवार (केशवनारायण चोक) मंगलबजार, पाटन संग्रहालय परिसरस्थित ५२९० वर्ग फिटमा बनेको पाटन म्युजियम क्याफे ५ वर्षका लागि पर्यटकस्तरीय क्याफे संचालनका निम्ति भाडामा दिनु पर्ने भएकोले निम्न शर्तहरु पालन गर्ने इच्छुक **होटेल, लज, रेष्टूराँ तथा रिजर्ट, बार तथा पथप्रदर्शक नियमावली, २०३८** पर्यटक ऐन २०३५ वमोजिम दर्ता भएका फर्म, कम्पनी वा संस्थाहरुबाट तपशिलबमोजिम शर्तहरुको अधिनमा रही प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु हुन यसै सुचनाद्वारा जानकारी गराईन्छ।

## प्रस्तावका शर्तहरु:

१. यो सुचना राष्ट्रिय दैनिकमा प्रकाशित मितिले ३० दिनभित्र यस समितिको कार्यालय समयभित्र प्राविधिक र आर्थिक बोलपत्र फारमहरु रु ३०००।- (अक्षरुपी तीन हजार मात्र, पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।
२. यस क्याफेबाट संग्रहालयका आगन्तुकहरुका लागि स्वस्थकर एवम् ताजा खाना तथा पेय पदार्थहरु मात्र विक्री वितरण र उच्चस्तरीय सेवा हुनु पर्छ।
३. यस क्याफे पाटन संग्रहालयको आगन्तुकहरुको लागि मात्र हुनेछ।
४. यस क्याफे संचालनका लागि प्रचलित कानुनबमोजिम कम्तिमा ३ (तिन) तारे होटल वा सो सरह होटेल, लज, रेष्टूराँ तथा रिजर्ट, बार तथा पथप्रदर्शक नियमावली, २०३८ बमोजिम दर्ता भई कम्तीमा ५ वर्षसम्म निरन्तर संचालनमा रहेको हुनु पर्छ।
५. यस क्याफे संचालनका लागि संग्रहालयमा भएको भौतिक सामग्रीहरु उपलब्ध गराइने छ। सोको मर्मत संभार स्वीकृत प्रस्तावक स्वंयमले गर्नु पर्नेछ।
६. यस क्याफेको दैनिक संचालन संग्रहालय समयमा अनिर्वायरुपमा गर्नु पर्ने र संग्रहालय बन्द हुने दिनहरुमा क्याफे संचालन गर्न पाइदैन। अन्य समयमा संचालन गर्नु परेमा संग्रहालयले तोकिएको भाडा रकम अग्रिम भुक्तानि गरी संचालन गर्न सकिने छ।
७. प्रस्तावकले संग्रहालयबाट स्वीकृति लिई संग्रहालय समय बाहेक अन्य समयमा बार्षिक २४ वटा विविध सास्कृतिक कार्यक्रमहरु गर्नु पर्नेछ। उक्त कार्यक्रमहरु विशेष गरी नेपाली संस्कृतिको विकास एवम् प्रबर्द्धन हुने प्रकारको हुनु पर्ने र यस प्रकारको कार्यक्रमहरु गरे वापत संग्रहालय लाई तोकिएको भाडा रकम बुझाउनु पर्ने छ।
८. प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो सो को स्पष्टरुपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ।
९. प्राविधिक र आर्थिक प्रस्तावको मुल्यांकन उपसमितिबाट स्वीकृत मूल्याङ्कन आधार अनुसार गरिनेछ।
१०. प्राप्त भएका प्रस्तावहरुको प्राविधिक प्रस्तावको मुल्याकङ्न गरी योग्य भएका प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोलीने छ।
११. प्रस्तावको छनौट गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको संयुक्त मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गरीनेछ।
१२. मासिक बहाल रकम प्रति वर्ग फिटको रु.१००।- (अक्षरुपी एक सय मात्र) भन्दा कम गरी भएको प्रस्तावहरु मान्य हुने छैन।
१३. प्रस्तावकले प्रथम वर्ष कबोल गरेको भाडा रकममा दोस्रो वर्ष देखि कम्तिमा १० प्रतिशत बृद्धि गरी प्रस्ताव पेश गर्नु पर्नेछ। सो भन्दा कम गरी पेश भएको प्रस्तावहरु मान्य हुने छैन।
१४. बोलपत्र पेश गर्दा वार्षिक कबोल बहाल रकमको ५% प्रतिशतले हुने रकम पाटन संग्रहालय विकास समितिको कृषि विकास बैंक, मंगलबजार शाखा, ललितपुर स्थितको खाता (धरौटी) नं. ०२११९००१०३२६५०१८ मा जम्मा गरेको भौचर वा ९० दिन मान्य अवधि भएको वाणिज्य वैंकद्वारा जारी गरिएको विड बण्ड, बोलपत्र फाराम सँगै पेश गर्नुपर्ने छ।
१५. बोलपत्र स्वीकृत भएमा आफुले कबोल गरेको चौमासिक भाडा रकम अग्रिम रूपमा बुझाउनु पर्नेछ।
१६. प्रस्तावकले आ.व. २०७३/७४को कर चुक्ता प्रमाण पत्र र आवस्यक अन्य कागजातहरु प्रस्ताव संगै पेश गर्नु पर्दछ।
१७. प्रस्ताव पेश गर्दा यो सूचना प्रकाशित भएको मितिको १६ औं दिनको १२:०० बजे भित्र पाटन संग्रहालयको कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ र सोही दिन दिउसो २:०० वजे खोलिने छ।
१८. पाटन संग्रहालय विकास समितिको कार्यालय समयभित्र प्रस्ताव पेश गर्ने फर्म वा कम्पनीहरु बाट प्राविधीक र आर्थिक प्रस्तावको मुल्याकंनको आधारमा प्रस्तावदाता छनौट गरी सोको सूचना प्रस्तावदातालाई दिइने छ।
१९. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस पाटन संग्रहालय विकास समितिमा सुरक्षित रहने छ।
२०. यो सुचनामा उल्लेखित कुनै विषयमा थप वा विस्तृतरुपमा बुझ्न आवश्यक भएमा पाटन संग्रहालय विकास समितिको कार्यालय समयभित्र जानकारी प्राप्त गर्न सकिनेछ। वा संग्रहालयको वेभ साईट www.patanmuseum.gov.np मा पनि उपल्ब्ध छ। र यस क्याफे संचालन सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारम सँगै उपलब्ध गराईने छ।
२१. रित नपुगेका र शर्तहरु पुरा नभएको प्रस्तावहरु मान्य हुने छैनन्।
२२. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन नियम बमाजिम हुने छ।

**पाटन संग्रहालय विकास समिति, मंगलवजार ललितपुर।**